# मुसिकोट नगरपालिका
# रुकुम पश्चिम

## "मुसीकोट नगर - खुसी नागरिक, समृद्ध शहर"
**(Musikot Municipality-Happy Citizen Prosperous City)**

# नीति तथा कार्यक्रम
## आर्थिक वर्ष २०८३/०८४

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

१. मुसिकोट नगरपालिकाको गरिमामय एवं ऐतिहासिक नगर सभाको १७ औं अधिवेशन समक्ष आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२. यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौमसत्ता स्वाधिनता, भौगोलिक अखण्डता मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रको वहाली, जनताको आमूल परिवर्तनको लागि संघर्षको क्रममा गौरवपूर्ण साहदत प्राप्त गर्ने सम्पुर्ण शहिदहरु साथै २०८२ भाद्र २३ र २४ गते यूवाहरुको सहभागिता भएको आन्दोलनमा ज्यान गुमाउनेहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव एवम् स्मरण गर्दछु।

३. मुसिकोट नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक विकास योजनाले अंङ्गीकार गरेको **"मुसीकोट नगर-खुसी नागरिक, समृद्ध शहर"** को दीर्घकालीन सोच अनुरुप गुणस्तरीय जनशक्तिको उत्पादन र रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व बृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, दिगो विकास, पर्यावरणीय संरक्षण, सन्तुलन, समानता, गरिबी न्यूनीकरण, सुशासन र सार्वजनीक सेवामा नागरीकहरुको सहज पहुंच अभिवृद्धि गर्न प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित रहेको छ ।

४. विगत वर्षका सफल नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै सीमित स्रोत साधन र असीमित विकासका आवश्यकता तथा आकांक्षा बिचको सन्तुलन कायम गर्दै मुसिकोट नगरवासी जनताको जीवनस्तर उकास्ने कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिंदै यो नीति तथा कार्यक्रम र बजेट तयार गर्नु हाम्रो प्रमुख कार्यभार हो ।

**नगर सभा सदस्यज्यूहरु,**

हाम्रो समय, सीप, अनुभव र मेहनतलाई मुसिकोट नगरपालिकाको समृद्ध विकासमा केन्द्रित गर्दै अघि बढ्न आवश्यक छ। यसका लागि गत आ.व.हरुमा अघि सारेका अनुकरणीय नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम विषयगत समिति अनुसारका क्षेत्रगत रुपमा प्रस्तुत गर्न चाहन्छु।

**भु-उपयोग नीति**

५. मुसिकोट नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक, ऐलानी, सरकारी प्रति जग्गाहरुको एकिकृत विवरण तयार गरी व्यवस्थित अभिलेखीकरण गरी उपयोगमा ल्याइनेछ ।

६. नगर कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिएको भू-उपयोग कार्यिविधि, २०७९ लाई प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

७. भूउपयोग नीतिको प्रभावकारी कार्यान्वयन गर्दै कृषि, आवास, वन तथा अन्य क्षेत्रको वैज्ञानिक वर्गीकरणका आधारमा एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ। छरिएको

बस्तीलाई व्यवस्थित गर्दै पूर्वाधारयुक्त, सुरक्षित, सेवा–सुविधा सम्पन्न र वातावरणमैत्री बस्ती विकासमा जोड दिइनेछ।

८. सडक क्षेत्रले ओगटेको जमीन प्रचलित कानुन अनुसार सम्वन्धित जग्गाधनी सम्बन्धित कार्यालयको समन्वयमा लगत कट्टा गर्ने कार्यको थालनी गरिनेछ ।

९. सार्वजनिक क्षेत्र सडक, बन, सरकारी जग्गा र सार्वजनिक जग्गामा बनेका घर टहराहरु हटाउने नीति लिइनेछ ।

१०. नक्सा पास नगरी अवव्यवस्थित रुपमा बनाइएका घर टहराहरु हटाउने कार्यलाई निरन्तरता दिइनेछ ।

११. जग्गा विक्रिवितरण गर्दा लिइने राजश्वलाई सहज, सरल र बैज्ञानीक हिसावले लागू गरिनेछ ।

१२. नगरपालिका क्षेत्रभित्रका शहरोन्मुख बस्तीहरूको पहिचान गरी जनसंख्या वृद्धि र शहरीकरणको आवश्यकतालाई मध्यनजर गर्दै आधारभूत तथा आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ। साथै ती बस्तीहरूको योजनाबद्ध विकास, सेवा सुविधा विस्तार र व्यवस्थित व्यवस्थापनका माध्यमबाट दिगो, सुरक्षित र व्यवस्थित शहरी विकासलाई प्रवर्द्धन गरिनेछ।

**नगर सभा सदस्यज्यूहरु,**

**कृषि नीति**

कृषि क्षेत्रलाई नगरको आर्थिक समृद्धि, खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरणको प्रमुख आधारका रूपमा स्थापित गर्दै “आलीदेखि थालीसम्म, गोठदेखि ओठसम्म, उत्पादनदेखि बजारीकरणसम्म” भन्ने मूल नारालाई आत्मसात गरी देहायका नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

१३. कृषि उत्पादन वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउन स्थानीय स्रोत, साधन र प्रविधिमा आधारित उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

१४. कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण तथा आधुनिकीकरणलाई प्राथमिकता दिँदै उत्पादन लागत न्यूनीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१५. उच्च मूल्य प्राप्त हुने तरकारी, फलफूल, मसला, मौरीपालन, च्याउ तथा बीउ उत्पादन कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१६. स्थानीय तथा लोपोन्मुख रैथाने बालीहरूको संरक्षण, प्रवर्द्धन तथा व्यवसायीकरणका लागि रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१७. खेतीयोग्य जमिनमा वर्षैभरि सिँचाइ सुविधा विस्तार, कृषि सडक, सङ्कलन केन्द्र, गोदाम घर, चिस्यान केन्द्र तथा कृषि बजार पूर्वाधारको निर्माण तथा स्तरोन्नति गरिनेछ।

१८. कृषि उपजको ब्राण्डिङ, प्याकेजिङ, प्रशोधन तथा बजारीकरणमा कृषक समूह, सहकारी तथा निजी क्षेत्रसँग साझेदारीमा गरिनेछ।

१९. वैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषि व्यवसायमा आबद्ध गराउन विशेष सहुलियत तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

२०. प्राङ्गारिक मल, जैविक विषादी तथा वातावरणमैत्री कृषि प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२१. कृषकको खेतबारीमै प्राविधिक सेवा उपलब्ध गराउन कृषि प्राविधिक परिचालन गरी किसान पाठशाला, आई.पी.एम. पाठशाला, पोषण पाठशाला तथा स्थलगत कृषक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२२. पालिकास्तरीय माटो परीक्षण प्रयोगशाला स्थापना गरी नियमित माटो परीक्षण सेवा सञ्चालन गरिनेछ।

२३. प्राकृतिक प्रकोप, रोग तथा कीराबाट हुने क्षति न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रममा कृषकको पहुँच विस्तार गरिनेछ।

२४. /आकस्मिक बाली संरक्षण सेवा तथा रोग कीरा व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

२५. नगरपालिका क्षेत्रभित्र बाँदर, दुम्सी, बँदेल तथा अन्य वन्यजन्तुबाट कृषकको खेतीबाली, फलफूल तथा तरकारी बालीमा हुने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक रोकथाम, नियन्त्रण तथा राहतका कार्यक्रम सञ्चालन गरिनेछ। वन्यजन्तुका कारण कृषकले व्यहोर्नुपरेको क्षतिको यथार्थ मूल्याङ्कन गरी प्रचलित कानून, उपलब्ध स्रोत तथा कार्यविधिको आधारमा क्षतिपूर्ति वा राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२६. कृषि क्षेत्रमा हुने प्राकृतिक विपत्ति, रोग–कीरा, जलवायुजन्य जोखिम तथा अन्य कारणबाट कृषकले व्यहोर्नुपर्ने आर्थिक क्षति न्यूनीकरण गर्न बाली बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। नगरपालिकाले कृषकलाई बाली बीमामा आबद्ध गराई कृषि उत्पादनको सुरक्षा तथा दिगोपन सुनिश्चित गरिनेछ।

२७. मुसिकोट नगरपालिका वडा नं. ६ मा प्राकृतिक रूपमा रहेका मेलका बोटहरूको संरक्षण तथा उपयोग गर्दै फलफूल उत्पादन प्रवर्द्धन, आयआर्जन वृद्धि र कृषि विविधीकरणका लागि करिब ५,००० वटा नास्पाती कलमी गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२८. किसान सूचीकरण कार्य सम्पन्न गरी कृषि तथ्याङ्कलाई डिजिटल प्रणालीमा व्यवस्थापन गरी कृषि सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री, पारदर्शी तथा प्रभावकारी बनाइनेछ।

२९. विद्यालयस्तरीय कृषि शिक्षा, करेसाबारी तथा रैथाने बाली संरक्षण अभियान सञ्चालन गरिनेछ।

३०. कृषि क्षेत्रको समग्र विकासका लागि संघ, प्रदेश, विकास साझेदार संस्था, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारीलाई थप विस्तार गरिनेछ।

**पशु सेवा नीति**

३१. पशुपन्क्षीहरुमा लाग्ने महामारीजन्य तथा संक्रामक रोग नियन्त्रणका लागि नियमित खोप तथा निगरानीका कार्यक्रमहरु संचालन गरिनेछ ।

३२. किसानको आय वृद्धि गर्न उन्नत जातका गाईभैसी, भेडाबाख्रा, कुखुरा र बंगुर प्रवर्द्धन,पकेट क्षेत्र तथा श्रोत केन्द्र विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३३. पशुपालन व्यवसायलाई प्रभावकारी एवं दिगोरुपले सेवा प्रवाहको लागि व्यवसायिक मोडेलको अवधारणा अन्तर्गत सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी साझेदारी प्रणालीको विकास गरी वस्तीस्तर सम्म एकीकृत पशुपन्छी सेवा प्रदान गर्ने संयन्त्रको स्थापना गरिनेछ ।

३४. " **पौरखी हातहरुलाई स्थानीय सरकारको साथ**" अनुरुपनगर क्षेत्रमा पशुपन्छी पालन गरी दुध, मासु तथा अण्डा उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप उत्पादनमा आधारित अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

३५. **"उत्पादन तथा उत्पादकत्व वृद्धिको मुख्य आधार, कृत्रिम गर्भाधारणद्धारा नश्ल सुधार"**अनुरुप कृत्रिम गर्भाधान सेवाको विस्तार गरी पशु नश्ल सुधार कार्यक्रमलाई प्रथामिकता दिईनेछ । साथै कृत्रिम गर्भाधान कार्यक्रम पहुचं नभएको स्थानमा उन्नत जातको रागो तथा व्याड वोका वितरण कार्यक्रम संचालन गरिनेछ ।

३६. **"घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाउँ,आम्दानी बढाऔं"** भन्ने उद्धेश्य अनुरुप पशुआहारा तथा घाँसेवाली विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

३७. पशुपालन व्यवसायमा हुने जोखिमलाई न्यूनीकरण गर्दै पशुधनको सुरक्षामा सुनिश्चितता गर्न विमा तथा राहत कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३८. कृषकहरुले उत्पादन गरेका पशुजन्य उत्पादन (माछा र दुध) लाई सहजरुपले भन्डारण तथा वजारीकरण व्यवस्थापनको लागि पायक पर्ने स्थानमा संकलन केन्द्रहरु स्थापना गरिनेछ ।

३९. घरपालुवा तथा सामुदायिक कुकुरहरु नियन्त्रणको लागि आवश्यक साम्रगीहरु खरिद गरी खोप तथा बन्ध्याकरण शिविर जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

४०. पशुपालन क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न १४ वटै वडाहरुमा एक वडा एक पशु सेवा प्राविधिकको व्यवस्था गरिनेछ ।

४१. सुत्केरी पशुहरुमा आहार तथा पोषण व्यवस्थापन गर्न प्रोत्साहन स्वरूप सुत्केरी पशु स्याहार भत्ता वितरण कार्यक्रम संचालन गरिनेछ ।

४२. विकेन्द्रीकरण कृषि प्रसार पद्दतिलाइ अवलम्बन गर्दै दिगो कृषि विकासका लागि मुसिकोट नगरपालिका भित्र संचालनमा रहेका स्रोत केन्द्र, कृषक समूह, फार्म, सहकारी, एग्रोभेट बिच विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४३. पशुपन्क्षीहरुमा देखा पर्ने रोगहरुको उपचार तथा रोकथाम गर्न आधारभुत प्रयोगशाला स्थापना सहित आवश्यक किट औषधी तथा खोप खरिद व्यवस्थापन गरिनेछ ।

४४. पशुपन्क्षीहरुको महामारी नियन्त्रण सम्वन्धी सरोकारवालसँग समन्वय तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४५. एक गाउँ एक प्राविधिक र सामुदायिक कृषि प्रसार सेवा केन्द्र मुसिकोट नगरपालिका वडा नं. ६ र १३ लाई निरन्तरता दिई प्राविधिक कर्मचारीहरुको तलव भत्ता समेत व्यवस्था गरिनेछ ।

४६. पशुपन्छिजन्य रोगको शीघ्र पहिचान तथा नियन्त्रणका लागि सूचना प्रणाली सुदृढिकरण गरिनेछ ।

४७. पशुपन्छिजन्य रोगको नियन्त्रणका लागि पशु स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

**सिंचाई नीति**

४८. नगरपालिका क्षेत्र भित्रका खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्राकृतिक मूल संरक्षण तथा पोखरी निर्माण गरी सिंचाईका सुविधाहरु उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।

४९. सानीभेरी, सांख खोला र मुग्लुखोला आसपास तथा खेतीयोग्य उच्च स्थानमा रहेको जमीनलाई सिंचाई गर्न नदी, खोला र मुहानको पानी लिफ्ट गरी खेतीयोग्य जमीनहरुलाई सिंचाई गरी उत्पादन बृद्धि गर्न सहयोग पुर्याइनेछ ।

**उद्योग तथा बाणिज्य नीति**

५०. **"व्यवसायीसँगै नगरपालिका"** अभियान संचालन गरी नगर क्षेत्रमा संचालनमा रहेका तर कानूनी रुपमा दर्ता नभएका साना उद्योग एवं व्यवसायिक फर्महरुलाई विधिवत दर्ता गर्न प्रोत्साहन गरी कानूनी दायरामा ल्याइनेछ ।

५१. उपभोक्ता हित संरक्षणका लागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गरी शुद्धता कायम गर्ने नीतिलाई नियमित गरिने छ ।

५२. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा कार्य विधि, २०८२ अनुसार लघु उद्यम विकास कार्यक्रम समुदायको इच्छा चाहाना र माग श्रोत सर्वेक्षणका आधारमा संचालन गरि नयाँ उद्यमी सृजना र पुराना उद्यमीको स्तरोनन्ती तालिम माफर्त गरिवी निवारण गर्न पहल गरिनेछ ।

**५३.** निश्चित समयमा नवीकरण र व्यवसाय कर तिर्न विलम्व गरेका साना फर्म र उद्योगहरु निश्चित समय तोकी नवीकरण र व्यवसाय कर तिरेमा सहुलियत दिन शिविर संचालन गर्न व्यवस्था मिलाइनेछ ।

५४. नेपाल सरकार श्रम रोजगार तथा सामाजिक मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय र विभिन्न दातृ निकायहरुको आर्थिक तथा प्राविधिक सहयोगमा स्वरोजगार बनाउन यूवायुवतीहरुलाई विभिन्न किसिमका निशुल्क व्यवसायिक तालिमहरु र सीप परिक्षण कार्य संचालन गरिनेछ ।

५५. कानूनी प्रक्रिया पुरा गरि दर्ता भई सन्चालन भएका निजी साझेदारी तथा कम्पनी लिमिटेड वा उद्योग तथा बाणिज्य अन्तर्गतका फर्महरुलाई समयमा नबिकरण गर्न र उत्पादित बस्तुको बजारीकरण गर्नका लागि उद्योगी ब्यापारीलाइ जागरुक बनाउन उद्योग बाणिज्य सम्बन्धी कार्यशाला एवं अन्तरक्रिया जस्ता बिभिन्न कार्यक्रमहरु सन्चालन गरिने छ ।

५६. मुसिकोट नगरपालिका वडा नं. ४ ठाराढुङ्गामा रहेको दाना उद्योग र मुनपा १२ मा रहेको डेरी उद्योगलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक बजेट व्यवस्थाका लागि प्रदेश सरकार तथा संघीय सरकार समक्ष पहल गरिनेछ ।

**श्रम तथा रोजगार नीति**

५७. आन्तरिक रोजगार प्रवर्द्धनको लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. "श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने नाराका साथ विकास निर्माणका आयोजनाहरुमा यस नगरपालिका अन्तर्गत बेरोजगारहरुको सुचीमा सुचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।

५९. एकघर एक सिप अभियान, प्रत्येक घरका कम्तीमा एक सदस्यलाई स्वरोजगार मुलक तालिम/रोजगार सुचना केन्द्रको स्थापना र तालिम, रोजगारी ईन्टनसिप, यूवा शसक्तीकरण तथा रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. नगर युवा उद्यम कार्यक्रम (विउपूँजी, प्रशिक्षण, परामर्श तथा कानुनी सहायता उपलब्ध गराईनेछ।

**सहकारी र वित्तीय नीति**

६१. स्थानीय स्तरमा रहेको पूँजी, प्रविधि, ज्ञान र सीपलाई सामुहिक भावना मार्फत सहकारीमा आवद्ध गरी एकीकृत शक्तिको रुपमा व्यवसाय र आय-आर्जनमा जोडिने छ ।

६२. सहकारी संस्थाहरुलाई सन्चालन गर्न तथा शेयर सदस्यको आवश्यकताको आधारमा सुदृढीकरण, एकिकरण र समस्यामा परेका सहकारी संस्थाहरुलाई सक्रिय बनाउन जोड गर्ने र निश्क्रिय रहने संस्थाहरु खारेजीको प्रक्रियाको लागि नियमनको पाटो अगाडि बढाईने छ ।

६३. सहकारी संस्थाका सेयर सदस्यहरु तथा कर्मचारीहरुलाई सहकारीसंग सम्बन्धित तालिम तथा अनलाईन प्रविधिमा साक्षर गराई अनलाईन प्रबिधि मार्फत सहकारी संस्थाका गतिविधिहरु सन्चालन गर्न सक्ने गरी क्षमता विकास गरिने र सहकारीको ब्यवस्थित अभिलेखिकरण गरिने छ ।

६४. नगरपालिकामा कार्यक्षेत्र बनाई दर्ता भएका वा काम गरि रहेका सहकारीहरुको दिगो व्यवस्थापन तथा प्रभावकारी रुपमा संचालन गराउन COPOMIS सप्टवेयरको प्रयोग गर्नको लागि सहकारीहरुको क्षमता विकासका कार्यक्रमहरु सन्चालन गरिने छ ।

६५. सहकारी संस्थालाई व्यवस्थित गर्न सहलागानीमा प्रविधिमैत्री सहकारी संस्था गराइनेछ ।

**गैर सरकारी संघ संस्था नीति**

६६. गैर सरकारी संस्थाहरुवाट सम्पादन गरिएका कार्यक्रमहरुको प्रभावकारिता सम्वन्धमा अनुगमनको व्यवस्था मिलाईने छ । नगरको नीति र कार्यक्रमको परिधि भित्र रही गैर सरकारी संस्था र नगरपालिकाको साझेदारीमा आयआर्जन, उद्यमशिलता विकास, साना पूर्वाधार निर्माण र सशक्तिकरणका कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।

६७. विकास निर्माणका कार्यहरु गर्दा सरकारी, गैर सरकारी, निजी र वित्तिय निकायहरुसंगको सहकार्यमा कामको थालनी गरिने छ ।

६८. नगरपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुलाई नगरपालिकामा NGO DESK को स्थानपना गरी संचालनमा ल्याइनेछ ।

**पर्यटन तथा संस्कृति विकास नीति**

६९. मुसी दरबार, डिग्रे शाईकुमारी, शिव मन्दिर, खारा दह, वैरीदह, रिनदह, सीतलपोखरी, बारेगौरा पार्क, देवस्थल, चन्दननाथ, मर्हही उपमन्यु मन्दिर पार्क, मानपुर पार्क, कुप्रेकोट, शिसमहल, सल्ले सिद्ध गुफा, जुम्ली पोखरी, जन्ती ओलपीयको डाँडा प्याराग्लाइडिङ, चयरीलेक, आखेगरा सुपेगरा, ठुली दह, सांख दह, कालीका मन्दिर, वारिपोले मन्दिर, ठूली मूल, सानोभेरी, मण्डली थान, थुमा लेख भ्यूटावर, थुमालेख बराह मन्दिर, कामी बुढा शहिद पार्क, तीन बहीनी लेक, युद्ध पर्यटन, लुकभिर गुरिल्ला सुरुङमार्ग, सानोभेरी नदिमा ऱ्याफ्टिङ, मुग्लुखोला धार्मिक पर्यटकीय स्थल जस्ता महत्वपूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक स्थलहरुको उचित संरक्षण प्रवर्द्धन र जिर्णोद्धार गरी यसको ब्यवस्थापन गर्न नगरले समुचित ब्यवस्था गरी संचालन गर्ने नीति लिईने छ ।

७०. धार्मिक, ऐतिहासिक, पर्यटकीय क्षेत्रहरुको पूर्वाधार निर्माण गरी संरक्षण तथा प्रवर्द्धन गर्न सम्वन्धित निकायहरुसंग समन्वय गरी अवश्यक जग्गा अधिग्रहण गर्ने कार्यलाई अगाडि बढाइनुका साथै सो क्षेत्रबाट प्राप्त सेवाशुल्क, प्रवेश शुल्क, रोयल्टीका आम्दानीहरुलाई ब्यवस्थित गरी संस्थागत विकास गर्ने नीति लिईने छ ।

७१. यस नगरपालिकाको वडा नं. १ को वारेगैरा वन क्षेत्रमा प्राकृतिक पर्यटकीय पार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७२. मुसिकोट नगरपालिकाको क्षेत्र भित्र बहुउश्यीय ताल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भइसकेकोले निर्माणको कार्य अगाडि बढाउन सम्वन्धित निकायहरुसंग समन्वय गरी जग्गा अधिकरण गर्ने र लगानी जुटाउने कार्य गरिनेछ।

७३. पर्यटकीय क्षेत्रको रुपमा रहेको ठुली दहसम्म पुग्ने सहज पहुँच मार्ग निर्माण लगायत अन्य पर्यटन पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

७४. यस क्षेत्रमा रहेका ताल, तलैया, पर्यटकीय स्थलको प्रवर्द्धन, विकास र उपयोग मार्फत आन्तरिक तथा वाह्यय पर्यटनको प्रवर्द्धन गरिने छ ।

७५. मुसिकोट नगरपालिका वडा नं ४ मुसिडाँडामा रहेको एतिहासिक महत्वको मुसी दरवार क्षेत्रको जग्गा नगरपालिकाको स्वामित्वमा लिई सो दरवारको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक पहल गरि थप संरचना निर्माण कार्यको थालनी यसै अवमा गरिनेछ।

७६. ऐतिहांसिक एवं सांस्कृतिक महत्व बोकेका साँख र लोरिवाङ क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गरी नमुना वस्तीको विकास गरिनेछ ।

७७. मुसिकोट नगरपालिका अन्तर्गत रहेका बिभिन्न पर्यटकीय स्थलहरुमा आन्तरिक तथा बाहय पर्यटकहरुद्धारा गरिने फोहरहरुको व्यवस्थापनको लागि पहल गरि सरसफाइकर्मी र हेरालुको व्यवस्था गरी व्वयस्थीत गराइनेछ ।

७८. मुसिकोट नगरपालिका भित्र रहेका डिग्रे मन्दिर, ठूली दह, साख दह, बैरीदह लगायत नगरका अन्य स्थानहरुमा रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरिनेछ। यस्ता स्थलहरूको सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधार विकास, प्रचारप्रसार तथा व्यवस्थापन मार्फत क्रमशः धार्मिक तथा पर्यटकीय गन्तव्यको रूपमा विकास र घोषणा गरिनेछ।

**नगर सभा सदस्यज्यूहरु,**
**शिक्षा नीति**

७९. मुसिकोट नगरपालिका स्थित विद्यालयहरुमा न्युनतम दरवन्दी तथा पुर्वाधार रहनेगरी विद्यालयहरुमा शिक्षकहरुको व्यवस्थापन गरिनेछ ।

८०. बालविकास केन्द्रहरुलाई बालबालिका मैत्री बनाइनेछ । बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई स्थानीय सरकारबाट थप प्रोत्साहन रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

८१. संघीय, प्रादेशिक तथा स्थानीय योजना छनौट तथा सिफारिस गर्दा विद्यालयको अवस्था र आवश्यकताको आधारमा न्यायोजित हुनेगरी विद्यालय छनौट गरिनेछ

८२. शिक्षामा नविनतम् प्रविधिको प्रयोगमा जोड दिइनेछ । शिक्षण सिकाइमा प्रविधिको अधिकतम् उपयोग गरिनेछ । प्रत्येक विद्यालयका अभिलेखलाई डिजिटलाइजेशन गरिनेछ ।

८३. नगर पालिका स्तरमा रहेका विद्यालमध्ये १४ वटा विद्यालयहरुलाई नेतृत्वदायी विद्यालयको रुपमा छनौट गरी सम्बन्धित वडास्तरका विद्यालयहरुको समन्वयमा वडा स्तरीय क्रियाकलाप संचालनमा सक्रिय गराइनेछ ।

८४. शिक्षकहरुको क्षमता विकासलाई जोड दिइनेछ । संघ र प्रदेश स्तरीय क्षमता विकास तालिममा समानुपातिक सिद्धान्तमा आधारित रही शिक्षकहरु छनौट गरिनेछ भने पालिकास्तरमा शिक्षकहरुको मागको आधारमा छोटो अवधिका तालिमहरु संचालन गरिनेछ ।

८५. माध्यमिक तथा आधारभुत तहमा विषयगत पठनपाठन गराउने शिक्षकहरुको विषयगत समितिहरु निर्माण गरी विषयगत तथा तहगत शिक्षण सिकाइमा देखिएका समस्याहरु शिक्षकहरुबाट नै समाधान गर्ने व्यवस्था मिलाइनेछ । विषयगत शिक्षण अनुभव आदान प्रदान कार्यलाई व्यवस्थित गरिनेछ ।

८६. स्थानीय तहमा संचालित निजी लगानीका विद्यालय सहित सबै विद्यालयको नियमित अनुगमन, पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा प्रभावकारी नियमन गरिने छ ।

८७. विद्यार्थीहरुको प्रतिभा पहिचान तथा प्रस्फुटनको निम्ती विद्यालय तथा नगरपालिका स्तरमा नगर प्रमुख अतिरिक्त क्रियाकलाप कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

८८. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा सुधार ल्याउनको लागि सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, ईपुस्तकालय, सूचना तथा संचार प्रविधिको पहुँच, शैक्षिक सामग्रीको उपलब्धता र उत्कृष्ट नतिजा तथा कार्यसम्पादन हासिल गर्ने विद्यालय प्रअ शिक्षकहरुलाई थप अनुदानलाई निरन्तरता दिइ यो सुविधामा आधारभुत तहका विद्यालय समेत समेटिने छ ।

८९. सामुदायिक विद्यालयहरुमा बालविकासदेखि कक्षा ६ सम्म अध्ययनरत सबै विद्यार्थीहरुका लागि तोकिएको पौष्टिक तत्वहरुको मात्रा रहने गरी स्थानीय उत्पादनबाट दिवा खाजा ब्यबस्थालाई निरन्तरता दिइनेछ । दिवा खाजाको गुणस्तर कायम राख्न पौष्टिकता, सरसफाई, स्थानीयता र अन्य व्यवस्थापनमा थप सुधार गरिनेछ ।

९०. नगरपालिकाले शिक्षाको क्षेत्रमा गरेका सबै कार्यहरुको शैक्षिक स्मारिका मार्फत प्रकाशन तथा प्रशारण कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिका अन्तर्गत संचालित सबै विद्यालयहरुको पालिका स्तरीय शैक्षिक पात्रो निर्माण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

९१. विद्यालय शिक्षक कर्मचारीको आचारसंहिता पालनालाई कडाइपुर्वक नियमन गरिनेछ । मादक पदार्थ सेवन गरी विद्यालय हातामा प्रवेश गर्ने पेशाकर्मी वा अन्यलाई तत्काल कानुनी तथा विभागीय कारवाहीको प्रक्रिया थालिनेछ ।

९२. शिक्षक विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण तथा कार्यान्वयनलाई कडाइपुर्वक पालना गरिनेछ ।

९३. पाठ्यक्रम शिक्षासम्बन्धी ऐन नियम कानुन र कार्यविधिहरुको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। अन्य पालिका स्तरमा रहेका शैक्षिक सरोकारवालाहरुवीच अन्तरपालिका स्तरीय शैक्षिक अनुभव आदान प्रदान गरिनेछ ।

९४. विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ लगायतका समितिहरुको स्थानीय कानुन अनुसार गठन/पुनर्गठन परिचालन तथा व्यवस्थापन गरिनेछ ।

९५. सेनेटरी प्याडको डिसपोज गर्न प्रत्येक विद्यालयहरुमा उपयुक्त व्यवस्था गरिने छ ।

९६. फरक क्षमता भएका विद्यार्थीको पठन पाठनलाई व्यवसायीक बनाउदै समायोजन गर्ने नीति लिइने छ।

९७. विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको आधारमा शिक्षक अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

## युवा तथा खेलकूद नीति

९८. हरेक क्षेत्रमा युवा परिचालनको नीति अनुसार युवा नै परिवर्तनको सम्बाहक भएकोले उनीहरुलाई व्यवस्थाप्रति निराशा आउन नदिई आय-आर्जनमा लगाउन, विकास, विपद्

व्यवस्थापन, संस्कृति प्रवर्द्धन लगायत रचनात्मक सहभागिता जनाउन विशेष युवा लक्षित प्रोत्साहन कार्यक्रम अवलम्बन गरिने छ ।

९९. युवाहरुको सीप, क्षमता, दक्षता र प्राविधिक ज्ञानलाई मुसिकोटको विकासमा लगाई युवा रोजगारीको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

१००. युवा प्रतिभा पहिचान, युवा उद्यमशीलता तथा स्वरोजगार, युवा महोत्सव र उत्कृष्ट खेलाडीलाई प्रोत्साहनका कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

१०१. मुसिकोट नगरपालिकामा योग्य र सबल नागरिक निर्माण गर्न युवाहरुका लागि खेल, मनोरञ्जन, ज्ञान र सीपको विकास गर्न मेयरकप खेलकूद सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१०२. शारीरिक तथा मानसिक विकासका लागि नगरमा खेलकुद युवा क्लवहरु स्थापना गर्न प्रोत्साहित गरिने छ ।

१०३. नगरपालिका क्षेत्रभित्र खेलकुद क्षेत्रको विकास, विस्तार तथा युवाहरूको प्रतिभा प्रवर्द्धन गर्न आवश्यक खेल पूर्वाधारको निर्माण तथा स्तरोन्नति गरिनेछ। वडा तथा नगरस्तरमा खेल गतिविधि सञ्चालनका लागि उपयुक्त स्थानको पहिचान गरी चरणबद्ध रूपमा खेलमैदान निर्माण, मर्मत तथा व्यवस्थापन गरिनेछ।

**स्वास्थ्य नीति**

संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय, साझेदारी तथा समुदायको सक्रियसहभागितालाई प्राथमिकतामा राखी स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय तथानागरिकमैत्री बनाउँदै स्वस्थ मुसिकोट निर्माण गर्ने लक्ष्यका साथ तल उल्लेखित नीति प्रस्तुत गरिएको छ ।

१०४. सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सेवाको पहुँच र गुणस्तरअभिवृद्धि गरिनेछ ।

१०५. संस्थागत सुत्केरी सेवामा पहुँच बढाउन बर्थिङ सेन्टरहरूको सुदृढीकरणगरिनेछ ।

१०६. गर्भवती तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण तथा पोषणपरामर्शलाई प्रभावकारी बनाइनेछ ।

१०७. गर्भवती महिलाको सेवाको पहुँच विस्तार गर्दै घुम्ती ग्रामिण अल्ट्रासाउण्डसेवा प्रदान गरिनेछ ।

१०८. खोप छुट भएका बालबालिकाको घरधुरी सर्वेक्षण मार्फत पहिचान गरी पूर्णखोप सुनिश्चिता कार्यलाई निरन्तरता दिइनेछ।

१०९. बाल स्वास्थ्य तथा पोषण सुधारका लागि समुदायस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

११०. पोषणमैत्री स्थानीय शासन तथा पोषणमैत्री स्वास्थ्य संस्था घोषणा अभियानलाई प्राथमिकता दिइनेछ ।

१११. गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषणअवस्था सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

११२. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई शिक्षा, कृषि तथा खानेपानी सरसफाइ पशुसेवा,महिला बालबालिका तथा जेष्ठ नागरिक शाखासँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

११३. परिवार योजना तथा प्रजनन स्वास्थ्य सम्बन्धी सेवाको पहुँच बढाउन घुम्ती शिबिर संचालन गरी सेवाको गुणस्तर सुधार गरिनेछ ।

११४. उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायत नसर्ने रोगको नियमित स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. मानसिक स्वास्थ्य सम्बन्धी परामर्श तथा जनचेतनामूलक कार्यक्रम समुदाय र सञ्चालन गरिनेछ ।

११६. स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि समुदायस्तरीय अभियान सञ्चालन गरिनेछ ।

११७. स्वस्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सहरी स्वास्थ्य केन्द्रहरूको सेवा सुदृढीकरण गरिनेछ ।

११८. स्वास्थ्य संस्थामा आवश्यक औषधि, उपकरण तथा जनशक्ति व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।

११९. आ.ब.२०८३/०८४ देखि मुसिकोट नगरपालिका वडा नं. ४ सोलावाङ वडा नं. ६ झुलखेतमा निर्माणाधीन नगर अस्पताललाई पूर्वाधार थप गरि स्वास्थ्य सेवा सुचारु गर्दै प्रयोगशाला सेवासहित सेवा विस्तार गरिनेछ ।

१२०. डिजिटल स्वास्थ्य सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१२१. स्वास्थ्य तथ्यांकको गुणस्तर सुधार गरी प्रमाणमा आधारित योजना निर्माणगरिनेछ ।

१२२. समुदायस्तरीय स्वास्थ्य सचेतना कार्यक्रममार्फत स्वयंसेविकाको भूमिका सशक्त बनाइनेछ ।

१२३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१२४. स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको पहुँच अभिवृद्धि गर्न अभियान सबै वडाबाट सञ्चालन गरिनेछ ।

१२५. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई लक्षित विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१२६. महामारी तथा विपद् व्यवस्थापन तयारीलाई सुदृढ गरिनेछ ।

१२७. डेंगु, क्षयरोग, कुष्ठरोग लगायत सरुवा रोग नियन्त्रण कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गरिनेछ ।

१२८. अनुमति लिई संचालनमा रहेका NGO/INGO सँग दोहोरोपन नहुने गरि समन्वय,सहकार्य,र साझेदारी गरिनेछ ।

### खानेपानी नीति

१२९. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था गरिने छ । सबै नगरवासीहरुलाई भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि एक घर एक धारा नीति १४ वटै वडाहरुमा विस्तार गरी कार्य सम्पन्न गर्दै लगिने छ।

१३०. लिफ्टिङ खानेपानी शुरुवात भएका स्थानहरुमा प्रभावकारी कार्यान्वयन गरिनुका साथै नयाँ आयोजनाहरु पनि लिफ्ट विधिद्धारा संचालन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३१. नगरका विभिन्न क्षेत्रमा रहेका मुहानहरुको पहिचान गरी नियमानुसार दर्ता गरेर संचालन र व्यवस्थापन गरिने छ । सार्वजनिक जग्गामा रहेका मुहानहरुको संरक्षण, नियमन तथा व्यवस्थापन गरिने छ । प्रत्येक वडामा खानेपानी वितरण सम्बन्धी वडागत रुपमा उपभोक्ता समितिहरु निर्माण गरी वडागत खानेपानी व्यवस्थापनलाई एकिकृत र प्रभावकारी गरिने छ ।

१३२. खानेपानीका स्रोतहरुलाई सामुदायिक रुपमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ । निजी स्तरमा प्रयोग भएका खानेपानीलाई निरुत्साहित गरीनेछ ।

१३३. नगरवासीहरुलाई शुद्ध र गुणस्तरीय खानेपानी उपलब्ध गराउनका लागि नगरपालिकामा १ पानी जाँच गर्ने गुणस्तरीय प्रयोगशालाको स्थापना गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

**सामाजिक समावेशिकरण नीति**

१३४. नगरपालिकाको टोल, वडास्तरमा महिला समुह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आयआर्जनमा बृद्धि गरिने छ ।

१३५. लैंगिक हिंसा, घरेलु हिंसा सम्वन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी हिंसा बिरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिइने छ ।

१३६. स्थानीय तहका कार्यक्रम तर्जुमा गर्दा लैंगिक विश्लेषण र लैंगिक उत्तरदयी बजेट प्रणालीलाई अनिवार्य गर्दै अनुगमन तथा मूल्यांकनका संयन्त्र निर्माण गरिने छ ।

१३७. बालबिबाह र बालहिंसा एवं बाल दुर्व्यवहार न्युनीकरण सम्बन्धी तर्जुमा भएका कानूनहरुको बारेमा सचेतनाका कार्यक्रम संचालन गर्दै उक्त कानूनहरुलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।

१३८. विभिन्न कारणले जोखिममा रहेका बालाबालिकाको आपतकालिन उद्धार तथा पुनस्थापनको लागि वाल उद्धार कोष स्थापना गरिने छ ।

१३९. नगरको वडाहरुमा बालश्रम विरुद्ध विभिन्न अभियानात्मक कार्यक्रमहरु संचालन गरी बालश्रम मुक्त नगरपालिका घोषणा गर्न योग्य सूचकहरुको अवस्था विश्लेषण गरी बालश्रम मुक्त नगरपालिका घोषणा गरिनेछ ।

**१४०.** बाल विवाह अन्त्यको लागि पञ्च वर्षिय रणनीतिलाई प्रभवाकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१४१. यस नगरपालिका भित्र हरेक भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति लिइने छ।

१४२. अपांगता भएका व्यक्तिहरुको पक्षमा तर्जुमा गरिएका ऐन, नियम तथा कानुनलाई समुदायका अपांगता भएका व्यक्ति र आश्रित परिवारहरु समक्ष पुर्याउनको लागि आवस्यक क्षमता विकास कृयाकलापहरु सञ्चालन गरिने छ ।

१४३. अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापन गर्न कृत्रिम हात, खुट्टा, ह्विलचियर लगायत आवश्यक सामाग्री वितरणको व्यवस्था गरिने छ ।

१४४. अपाङ्गता भएका व्यक्तिहरुको हकहित तथा आयआर्जनका लागि संघ, कर्णाली प्रदेश र मुसिकोट नगरपालिका तथा अन्य साझेदार संस्थाहरुको संयुक्त लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुर्नस्थापनाका लागि साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

१४५. अपाङ्गता भएका व्यक्तिहरुला आयमुलक कार्यमा समावेश गरिनेछ । साथै अवाङ्गताको परिचय वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।

१४६. जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर पायक पर्ने वडाहरुमा स्वास्थ्य शिविर संन्चालन गरिने छ ।

१४७. सबै जेष्ठ नागरिकलाई अनिवार्य रुपमा स्वास्थ्य विमा कार्यक्रम भित्र आवद्ध गरिने छ ।

१४८. **"जेष्ठ नागरिक अनुभवका खानी, जेष्ठ नागरिकलाई बसालौं सम्मान गर्ने बानी"** भन्ने नारालाई आत्मसात गर्दै जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

१४९. जेष्ठ नागरिकहरुको लागि एक्लो महशुसको अन्त्य गर्न नगर स्तरीय जेष्ठ नागरिक दिवा सेवा संचालन कार्यलाई निन्तरता दिइनेछ र वडाहरुमा पनि जेष्ठ नागरिक सम्मान तथा दिवा सेवा लाई विस्तार गरिने छ ।

१५०. जेष्ठ नागरिकहरुको विचमा अनुभवहरुको आदान प्रदान तथा सिकाईका लागि अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५१. उत्पीडित र अति विपन्न दलित समुदायलाई स्वरोजगारी सँग जोडन पशुपालन, कृषि उत्पादन, लघुउद्यम व्यवसायमा जोड दिईने छ ।

१५२. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानामुक्त अभियान र जनता आवास कार्यक्रममा दलितलाई पहिलो प्राथमिकता राखी कार्यक्रम संचालन गरिने छ ।

१५३. प्राविधिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा संभाव्य देखिएका स्थानहरुमा समावेशी, जातीय सदभावयूक्त नमुना ग्रामीण तथा शहरी वस्ती स्थापना गर्न पहल गरिने छ ।

१५४. दलित समुदायमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, व्यवसायिक, आर्थिक रुपान्तरणका लागि सचेतना एवं सशक्तिकरण अभियान सञ्चालन गरिने छ ।

१५५. दलित समुदायको परम्परागत सिपलाई संरक्षण, प्रवर्द्धन, रोजगारी सृजना तथा तालिम संचालन गरी आवश्यकताका आधारमा आवश्यक सामग्री उपलव्ध गराई व्यवसायी बनाइनेछ ।

१५६. संविधानद्वारा प्रत्याभूत समानता, सामाजिक न्याय तथा मानव अधिकारको मर्मअनुसार दलित समुदायमाथि विद्यमान तथा सुसुप्त रूपमा रहेका सबै प्रकारका जातीय भेदभाव, छुवाछुत, बहिष्करण र विभेदकारी व्यवहारको अन्त्य गर्न आवश्यक नीति, कार्यक्रम तथा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

१५७. आदिवासी जनजातीको परम्परागत (पापिनी विवाह, भुमे नाच, ख्याली गाउने तथा चरण गाउने) संस्कृति र संस्कारलाई संरक्षण तथा सम्वर्द्धन गर्ने नीति लिइनेछ ।

१५८. सशस्त्र द्वन्द्वमा परेका सहिद परिवार, घाइते, अपाङ्ग, वेपत्ता तथा प्रभावित महिला बालबालिकामाथि भएका यौन जन्य हिंसावाट पिडित व्यक्तिहरुको जिविकोपार्जनका

कार्यक्रमहरु संचालन गरिनेछ ।साथै प्रदेश सरकार र नगर सरकारको साझेदारीमा दिइदै आएको प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण नीति**

१५९. व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप प्रभावकारी र आधुनिक प्रविधिमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्न प्रणालीगत सुधारका कार्यक्रमहरुलाई ल्याईनेछ ।

१६०. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण समयमै नविकरण गर्न/गराउन जनचेतना कार्यक्रमलाई प्रचार-प्रसार गरिनेछ ।

१६१. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सँग सम्बन्धित विभिन्न विषयवस्तुहरु (जस्तै : दर्ता, नविकरण, अद्यावधिक र प्रतिलिपी) का बारेमा समुदाय स्तरमा अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ ।

१६२. Biometric Verification को माध्यमबाट नविकरण गर्नको लागि आवश्यकताको आधारमा घुम्ति शिविर सञ्चालन गर्ने ।

१६३. MIS प्रणाली सुदृढिकरण तथा परिवर्तित System को बारेमा जानकारीका लागि शाखा तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

**पूर्वाधार विकास नीति**

**"दिगो र वातावरणमैत्री पूर्वाधार, समृद्ध मुसिकोट निर्माणको आधार"**

१६४. मुख्यमन्त्री रोजगार कार्यक्रम लगायत उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

१६५. स्थानीय नदी, खोला तथा बगरहरुवाट नदिजन्य पदार्थ उत्खनन तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन नभएका स्थानहरुमा (IEE) तयार गरी कार्यान्वय गरिने छ ।

१६६. २०८० कार्तिक १७ जाजरकोट केन्द्र विन्दु बनाई गएको भुकम्पवाट क्षती हुन गएका सरकारी तथा व्यक्तिगत भौतिक पूर्वाधारका संरचनाहरुको DDA तायर भईसकैकोमा पुनःनिर्माण र प्रवलीकरणका कार्यहरु गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायहरुसंग समन्वय गरी निर्माण कार्य याथासिघ्र सुरु गर्न पहल गरिनेछ र निर्माण भै सकेका घरहरुको भुक्तानी दिन पहल गरिनेछ ।

१६७. भूकम्पबाट प्रभावित भई घर तथा टहरा क्षति भएका नागरिकहरूलाई आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि घर टहरा निर्माणका लागि उपलब्ध गराइने भनिएको अनुदान तथा राहत रकम हालसम्म प्राप्त हुन नसक्दा प्रभावित परिवारहरू समस्यामा परेकाले उक्त रकम यथाशीघ्र

उपलब्ध गराउन सम्बन्धित संघीय तथा प्रदेश सरकार एवं सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय, सहजीकरण तथा पहल गरिनेछ।

१६८. नक्सा पास कार्यविधि पास भई नक्सा पासको काम समेत शुरु भईसकेको परिप्रेक्ष्यमा सो काम लाई अझै प्रभावकारी वनाउनका लागि रेडियो कार्यक्रम, प्रचार सामाग्री छपाई, अभिमुखीकरण तालिम र गोष्ठी संचालन गरिने छ ।

१६९. संघ र प्रदेशमा योजना माग गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) अनिवार्य हुँदा सडक पुल, स्थानीय सडक, भवन, खानेपानी, सिंचाई पर्यटन आदिको DPR गरी वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

१७०. ढल निर्माण कार्य सम्पन्न भइसकेको खलंगा वजार तथा आसपासका क्षेत्रवाट निस्कने दुषित पानी व्यवस्थापन (Waste Water Management) का लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरि कार्यान्वयन गरिने छ ।

१७१. पूर्वाधार निर्माण कार्यलाई अझै पारदर्शी, मितव्ययी र प्रभावकारी वनाउनका लागि योजनाहरुको वर्गीकरण गरी स्थानीय आयोजना वैंक स्थापना गर्ने र कार्यान्वयन योग्य योजनाहरु क्रमशः कार्यान्वय गर्दै लगिने छ ।

१७२. अपाङ्गता भएका व्यक्तिहरुको दैनिक कार्यहरुमा सहज पहुंचताका लागि नगरपालिका अन्तर्गत निर्माण गरिने भौतिक पूर्वाधार निर्माणका कार्यहरु संचालन गर्दा अपाङ्गमैत्री बनाइने छ ।

१७३. सवारी साधनहरुलाई व्यवस्थित रुपमा पार्किङ्ग गर्न मुसिकोट नगरपालिका २ नं. वडामा सिटि वस पार्क निर्माणको कामलाई अझै प्रभावकारी बनाई संचालनमा ल्याइने छ ।

१७४. खलंगा स्थित शहिद मैदानमा सानो गाडी र मोटरसाइकल पार्किङका लागि बहुतले पार्किङ भवन र मुनपा ११ लह खोलामा निर्माणाधिन मोटरवेल पुलको वाँकी निर्माण कार्य सम्पन्न गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७५. मुसिकोटको सौन्दर्यता, पर्यटन विकास , सिंचाई तथा विद्युत उत्पादन गर्न मुनपा १ दमखोलामा कृत्रिम ताल निर्माणको लागि DPR तयार भैसकोले आर्थिक लगानीको स्रोत खोजी गरी निर्माण कार्यलाई अगाडि बढाइने छ ।

१७६. नगर क्षेत्रमा सम्पूर्ण व्यक्तिहरुलाई सहज रुपमा परिवहन गर्नकालागि अटो रिक्साहरुलाई व्वयस्थित गरी नियमन गरिनेछ ।

१७७. फोहरलाई मोहरमा बदल्न खलंगा लगायतका वजार क्षेत्रवाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि प्रशोधन सहितको व्यवस्थित Landfill Site को निर्माण कार्यलाई निरन्तरता दिई यसै आ.व. मा संचालनमा ल्याइनेछ ।

१७८. मुसिकोट नगरपालिकका विभिन्न मुहान तथा ताल तलैयाहरुमा पानी संकलन गरी (Recharge) पोखरी निर्माण गर्ने नीति लिइने छ ।

**झोलुङ्गे पुल नीति**

१७९. मुसिकोट नगरपालिका क्षेत्र भित्रका नदी तथा खोलाहरुमा नगरबासीहरुको सहज आवजजावतका लागि झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

**सडक नीति**

१८०. वडा कार्यालयहरुसम्म पुग्न कच्ची सडकहरुको अवरोध पन्छाई स्तर उन्नती तथा आवश्यक मर्मत गरी बाह्रै महिना संचालन योग्य बनाईने छ ।

१८१. वर्षायामका समयमा पानीको उचित निकास नहुँदा कच्ची सडकमा हुने क्षति न्यूनीकरण गर्न सडक छेउछाउ आवश्यक नाली निर्माण, मर्मत तथा सरसफाइ कार्यलाई निरन्तरता दिइनेछ। साथै सडकको नियमित सफाइ, पानी निकास व्यवस्थापन तथा जोखिमयुक्त स्थानमा आवश्यक संरक्षणका कार्यहरू सञ्चालन गरी यातायात सञ्चालनलाई सहज र सुरक्षित बनाइनेछ।

१८२. सडकको सौन्दर्य, सुरक्षित आवागमन तथा पैदल यात्रुको सहज आवतजावत सुनिश्चित गर्न सडक छेउमा आवश्यक स्थानमा फुटपाथ निर्माण, विस्तार, मर्मत तथा व्यवस्थापनका कार्यहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। साथै फुटपाथ अतिक्रमण नियन्त्रण गरी पैदलमैत्री तथा व्यवस्थित शहरी वातावरण निर्माणमा जोड दिइनेछ।

१८३. स्थानीय सडकहरु निर्माण गर्दा प्राकृतिक माटोको क्षय भई प्राकृतिक प्रकोप निम्तिन सक्ने संभावनालाई मध्यनजर गरी त्यसको न्यूनिकरण गर्न लागत इष्टमेटमा ५ प्रतिशत बजेट वायो ईन्जिनियरिङ (Bio Engineering) कार्यमा विनियोजन गर्न लगाईने कार्यलाई निरन्तरता दिइनेछ ।

१८४. नयाँ सडकहरु निर्माणको कामलाई वातावरण मैत्री र दिगो वनाउनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी कार्यान्वयन गरिने छ ।

१८५. सडक स्तरोन्नतिको मुख्य काम नै सडक चौडाई, घुम्ती तथा चढाई सुधार भएको र यसका लागि अतिरिक्त जग्गा आवश्यक पर्ने भएकोले सो को सुनिश्तता गरेर मात्र योजना माग गर्ने वा कार्यान्वयन गर्ने नीति लिइने छ ।

१८६. बढदो सवारी दुर्घटनालाई मध्यनजर गरी ट्राफिक प्रहरी र स्थानीय सरोकरवालाहरु संगको समन्वयमा सडक सुशासन सम्वन्धी सचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१८७. सार्वजनिक जग्गा/सडक अतिक्रमण गरी घर टहराहरु निर्माण गर्दा एकातिर नगरका सौन्दर्य विग्रिने र अर्को तिर दुर्घटनाको जोखिम बढने भएकाले जग्गा च्यापी तयार गरिएका घर टहरा वर्कसपहरु हटाउने प्रक्रियालाई निरन्तरता दिइनेछ ।

१८८. नगर क्षेत्रमा सार्वजनिक सडकहरुको अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

१८९. नगरपालिकाको राप्ती लोकमार्ग र मध्यपहाडी लोकमार्गमा अवरोध रहीत आवागमनमा सुनिश्चितता गरिने छ ।

१९०. सडकका कारण अन्य क्षेत्रमा प्रतिकुल असर पर्न नदिन वातावरणीय प्रभाव मुल्यांकनको आधारमा हरित सडक निर्माण, सडकमा हरीयाली प्रवर्द्धन तथा सडक र बजार क्षेत्रको सजावटको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९१. सडकलाई वातावरणमैत्री बनाउन सडकको सरसफाई मर्मत सभार र हरीयाली बनाउने कार्यलाई प्रभावकारी ढंगवाट अगाडि बढाइनेछ ।

१९२. सडक बत्तीको सेवालाई थप प्रभावकारी बनाई आवश्यकता अनुसार सेवा विस्तार गरिनेछ ।

१९३. सदरमुकाम खलगा आसपास र भित्री सडकहरुलाई निर्माण, पुर्ननिर्माण, मर्मत संभार तथा सरसफाई गरी नगरको गरिमा र पर्यटन प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

**भवन नीति**

१९४. आफ्नै भवन नभएका ५ र १४ नं. वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकता दिई भवन निर्माण कार्य अगाडी बढाइनेछ ।

१९५. सार्वजनिक तथा निजी भवनहरुको निर्माण गर्दा प्रभावकारी रुपमा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिईने छ ।

१९६. नगरपालिकालाई वातावरणमैत्री नगरपालिका निर्माण गर्नको लागि फलफुल तथा पुष्पको नर्सरी स्थापना गरी एक घर दुई रुख तथा एक घर पाँच गमला अभियानको रुपमा संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१९७. भवन नक्सा पास कार्यलाई प्रभावकारी वनाउनुको साथै नक्सा पास गर्दा खानेपानी टयाकी सेप्टी टयांकी र पाकिङ लगायतका व्यवस्थालाई अनिवार्य गरी घरनक्सा पास गरीने नीति लिइनेछ ।

**विधुतिकरण नीति**

१९८. नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित साना लघुजलविद्युत आयोजनाहरुको मर्मत सम्भार तथा लघु जलविद्युतहरुवाट उत्पादित विद्युतलाई केन्द्रिय प्रसारण लाइनमा आवद्धता गर्न नेपाल विद्युत प्राधिकरण रुकुम पश्चिम सँगको समन्वयमा आवश्यक पहल गरिने छ ।

१९९. मुसिकोट नगरपालिका भित्र २ फेजको विद्युत लाइन विस्तार भई विद्युत सेवा उपभोग गरिरहेका क्षेत्रहरुमा ३ फेजको लाइन विस्तारकालागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी संचालन गरीने छ ।

२००. विभिन्न समयमा विस्तार भएका विद्युत लाइनहरुलाई व्यवस्थित गरी सडक छेउबाट सन्चालनमा ल्याउने ब्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी कार्य संचालन गरीने छ ।

२०१. हाल विद्युत लाइन विस्तार गरी विद्युत सेवा प्रदान गर्न नसकिने नगरपालिका स्थानहरुमा वैकल्पिक उर्जा कार्यक्रम मार्फत जोडिने छ ।

२०२. मुसिकोट नगरपालिकामा संचालित लघु जलविद्युतलाई मर्मत सभार गरी केन्द्रीय लाइनमा जोडने कार्यमा सहयोगका लागि दाताको खोजी गरी व्यवस्थित गरिनेछ ।

२०३. मुनपा ३ मा सडक बत्तिको व्यवस्थान गरीसंचलानमा ल्याइनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

**फोहरमैला,सरसफाई तथा स्वच्छता व्यवस्थापन व्यवस्थापन नीति**

२०४. **"फोहर जसले गर्छ उसले मुल्य तिर्नु पर्दछ"**भन्ने नीतिलाई अवलम्वन गर्दै नगर क्षेत्रमा हुने फोहरमैलालाई विभिन्न संघ संस्था सरकारी कार्यालय, बजार र नगरबासीबाट शुल्क उठाई फोहोर साझेदारी प्रणालिमा उचित व्यवस्थापन गरिने छ ।

२०५. नगर क्षेत्र भित्रवाट निस्किने फोहर मैलालाई व्यवस्थापन गर्नका लागि मुसिकोट नगरपालिका वडा नं १ को नेपानेमा फोहर प्रशोधन केन्द्रको निर्माणकार्य जारी रहेको र फोहर स्थानान्नतरण काम समेत शुरु भइसकेकाले आ.ब.०८३/०८४ मा पनि सो निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।

२०६. घरधुरीको सबै फोहर छुट्याई कुहिने फोहोरलाई मलका रुपमा प्रयोग गर्ने ५० घरधुरी भन्दा बढी सदस्य रहेको टोल बिकास संस्थालाई वडा समितिको टोल क्षेत्रको सरसफाई अनुगमन तथा सिफारिसमा प्रति बर्ष सरसफाई तथा हरियाली प्रबर्द्धन प्रोत्साहन स्वरुप नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

२०७. नगरपालिका भित्रका सबै वडाहरुमा फोहोर सेग्रीगेशन र पलाष्टिक झोला नियन्त्रणका अभियान तथा जनचेतनात्मक कार्यक्रममा बिभिन्न संघ संस्था तथा क्लबहरु परिचालन गरिने छ ।

२०८. फोहोर व्यवस्थापन प्रक्रियामा बढी भन्दा बढी टोल विकास संस्थालाई जिम्मेवार बनाउन जथाभाबि फोहोर फाल्ने तथा जलाउने ब्यक्ति संघ संस्थालाई टोल बिकास संस्थाले नगरपालिकाबाट तोके बमोजिम जरिवाना गर्न पाउने र संकलित जरिवानालाई टोल बिकास संस्थाले वातावरण संरक्षण तथा फोहर व्यवस्थापन क्षेत्रमा खर्च गर्न पाउने गरि टोल बिकास संस्थालाई अधिकार प्रत्यायोजन सहित परिचालन गरिनेछ ।

२०९. फोहोर लेदो संकलनका लागि नगरपालिकामा टंयाङ्करको व्यवस्था गरी सकिएकोमा फोहरमैला सम्वन्धी सवै सेवालाई सरसफाई कार्यक्रम बनाई लेदो फोहर व्यवस्थापन साइटको निर्माण गरिनेछ ।

२१०. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम पूर्ण सरसफाई उन्मुख, सफा स्वच्छ तथा आधारभूत सूचक पुरा भएको वातावरण मैत्री नगर घोषणा निर्माणका लागि प्रत्येक वडामा योजना बनाई अभियानकै रुपमा अगाडी बढ्न गैरसरकारी संघ संस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

२११. फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन गर्दै सरसफाइ कर्मीहरूको व्यवस्था, क्षमता विकास तथा परिचालनलाई व्यवस्थित गरिनेछ। साथै सरसफाइ सेवाको निरन्तरता सुनिश्चित गर्दै स्वच्छ, स्वस्थ र हरित नगर निर्माणमा जोड दिइनेछ।

**वन तथा वातावरण नीति**

**"मुसिकोटको हरियाली भूमी, जोगाई राखौं जुनीजुनी"**

२१२. सामुदायिक वन तथा अन्य निकायको सहयोगमा वृक्षारोपणका कार्यक्रमहरुलाई अगाडि बढाइने छ ।

२१३. वनलाई वातावरण संरक्षण सँगसँगै आय आर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्वन गरिने छ ।

२१४. सामुदायिक वनलाई पर्यापर्यटनको माध्यमद्धारा पर्यटकीय स्थानमा प्रयोग गरी स्थानीय वासिन्दाहरुको आयश्रोतमा वृद्धि गरिनेछ ।

२१५. स्थानीय वन ऐन, नियमावली तथा कर्यविधि बनाई वनलाई संरक्षण गरिनेछ ।

२१६. खोला, नदिमा विद्युतिय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने व्यक्तिलाई दण्डित गरिने छ । साथै जलीय पारिस्थितिक प्रणालीलाई संरक्षणमा विशेष जोड दिइने छ ।

२१७. वन क्षेत्रको दिगो व्यवस्थापन गर्दै सामुदायिक तथा निजी वनलाई उत्पादनमुखी बनाइ काष्ठ तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन र उपयोग प्रवर्द्धन गरिनेछ। यसमार्फत स्थानीय रोजगारी सिर्जना गर्दै समुदायको आयआर्जन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

२१८. जलाधार संरक्षणका लागि आवश्यक कार्यक्रमको व्यवस्था मिलाइने छ ।

२१९. सामुदायिक वन उपभोक्ता समूह तथा कबुलियती वन समुहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । साथै सामुदायिक वन उपभोक्ता समितिहरुलाई नगरपालिकाको राजश्वको दायरामा ल्याइनेछ ।

२२०. नगरपालिकाका वडामा बसोवास गर्ने नागरिकहरुको अस्पताल, दुर्घटनास्थल, वासस्थान तथा समुदाय आदि स्थानहरुमा विभिन्न कारणबाट मृत्यु भएका मृत व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम मुनपा ३ को सानीभेरी मुग्लुखोला घाटमा अन्त्येष्टि गर्न दाउरा निशुल्क दिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

**विपद व्यवस्थापन नीति**

२२१. विपदवाट हुने क्षती न्यूनीकरण गर्न समन्वय र सचेतनाका कार्यक्रम संचालन गरिने छ ।

२२२. नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति तयारी अवस्थामा राखिने छ ।

२२३. विपद व्यवस्थापनलाई 3C (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिने छ।

२२४. बाढी, पहिरो, डढेलो, खडेरी जस्ता जलवायु परिवर्तनको प्रभाव कम गर्न अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम कार्यान्वयन गरी पर्यावरणीय प्रणाली र समुदायको उत्थानशीलता विकास गरिने छ । साथै पूर्वाधार विकासलाई वातावरणमैत्री बनाईने छ ।

२२५. सबै प्रकारका विपदको रोकथाम तथा न्यूनीकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिने छ ।

२२६. विपदको प्रभावकारी रोकथाम, न्यूनीकरण र व्यवस्थापन गर्न विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी उपयुक्त व्यवस्थापन गरीने छ ।

२२७. खोज उद्धार र राहत कार्यलाई थप व्यवस्थीत गर्न पर्याप्त विपद सामग्री खरिद र स्थानीय आपतकालीन कार्य संचालन केन्द्र स्थापना गरिने छ ।

२२८. विपदको समयमा जनशक्ति परिचालन गर्न स्वयम सेवकहरुलाई तालिम दिई समन्यात्मक रुपमा युवाहरुलाई परिचालन गर्न नगर प्रहरी, सुरक्षा निकायहरु सम्मेलित एक प्रयोगात्मक अभ्यास (DEMO) गराइनेछ ।

२२९. विपद व्यवस्थापन शाखामा स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गरी शाखालाई व्यवस्थित रुपमा परिचालन गरिनेछ ।

**नगर सभा सदस्य ज्युहरु !**

**मानव संसाधन विकास नीति**

**"ईमान्दार, जवाफदेही र सक्षम संयन्त्र, सिघ्र सेवा तिव्र विकास मुसिकोटको मुलमन्त्र"**

२३०. मुसिकोट नगरपालिकामा कार्यरत सबै जनशक्तिको कार्य विवरण र कार्य आदेश वनाई काममा एकरुपता र कार्यान्वयनमा प्रभावकारिता ल्याई योजना कार्यान्वयन र अन्य दैनिक प्रशासनिक काममा सिघ्रता ल्याउन आवश्यकता अनुसार कर्मचारीलाई आवश्यक तालिम, अभिमुखिकरण र गोष्ठीका कार्यक्रमहरु संचालन गरिने छ ।

२३१. कार्यालयबाट सार्वजनिक सेवा प्रवाह गर्दा कर्मचारीले उच्च मनोवलका साथ काम गर्ने वातावरणको सिर्जना गरिने छ । साथै सेवा प्रवाहमा नयाँपन ल्याउन तथा अन्यन्त्र पालिकाको अनुभव आदानप्रदानका लागि अध्ययन भ्रमणको व्यवस्था गरिने छ ।

२३२. नगरपालिकाको सर्वोपरि हित हुने गरि राम्रो काम गरि उत्कृष्ठ नतिजा निकाल्ने कर्मचारीलाई पुरस्कृत गर्ने र आचार संहिता पालना नगर्ने, आफ्नो जिम्मेवारी बहन नगर्ने, काम पन्छाउने, अनियमितता भ्रष्टाचारमा संलग्न हुने एवं गैरकानुनी काम गर्ने जो कोहिलाई कानुन बमोजिम कारबाही तथा दण्डित गरिने छ ।

**एकीकृत सेवा प्रवाह नीति**

२३३. नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा र सुविधालाई क्रमश: डिजिटाइजेशन गर्दै सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी बनाइने छ ।

२३४. नगरपालिका अन्तर्गतका सबै शाखा/इकाई/वडा कार्यालयबाट सम्पादित कामको गुणस्तर तथा सेवा प्रवाहको वास्तविक अवस्था जाँचबुझको लागि सम्बन्धित स्थानमा गई समय समयमा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२३५. सेवा प्रवाहलाई गुणस्तरीय बनाउन तथा कर्मचारीहरुको पिर मर्का गुनासो तथा सेवा प्रवाह गर्दा आईपर्ने समस्या समाधानको लागि नियमित कर्मचारीहरुको बैठकलाई अझै व्यवस्थित गरी निरन्तरता दिइने छ ।

२३६. सरकारले प्रदान गरेको सेवाहरुको मापन तथा सुधारको लागि सेवाग्राही सन्तुष्टि मापन कार्यको थालनी गरिने छ ।

२३७. जनताको सू–सुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको समयमै सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ ।

२३८. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानुनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्यनमा ल्याउन आवश्यक समन्वय र अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

२३९. सेवा प्रवाहलाई थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन नागरिक सहायता कक्ष स्थापना गरी प्रभावकारीता बढाइने छ ।

२४०. मुसिकोट नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका अटो रिक्साहरुको उचित पार्किङको व्यवस्थापन गर्ने र अटो रिक्सले दिंदै आएको सेवालाई सुरक्षीत, व्यवस्थित तथा सेवामुखी बनाई संचालन गर्न अटो रिक्सा संचालन सम्वन्धी निर्देशिका बनाई सेवालाई निरन्तरता दिइनेछ ।

२४१. उत्प्रेरीत तथा उच्च मनोवलयुक्त कर्मचारीतन्त्रको सुनिश्चितता गरीनेछ ।

२४२. विकास निर्माणका कार्य गर्दा अवरोध गर्ने तथा निर्माण कार्य विफल वनाउने कार्य र प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

२४३. आप्रावासी स्रोत केन्द्र (सहायता कक्षको सेवा प्रवाह) स्थापना गरी सेवा प्रवाह गरिनेछ ।

२४४. नगरपालिका क्षेत्रभित्रका नागरिकहरूलाई सरकारी तथा गैरसरकारी निकायबाट प्रदान गरिने विभिन्न सेवाहरू सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउन सम्बन्धित निकायहरूसँग समन्वय गरी एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ। यसमार्फत दुर्गम तथा सेवाको पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी सेवा प्रवाहलाई प्रभावकारी, नागरिकमैत्री र समावेशी बनाइनेछ।

**नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नीति**

२४५. नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाईने छ। ट्राफिक व्यवस्थापन, सडक अतिक्रमण, प्राकृतिक स्रोत साधनको गैरकानूनी तस्करी नियन्त्रण, बजार, विद्यालय र सार्वजनिक क्षेत्रको सरसफाई, व्यवसाय दर्ता तथा सञ्चालन, मदिरा विक्री वितरण र सेवन, भवन निर्माण, सार्वजनिक जग्गाको साँध, सिमाना, इन्धन डिपो, होटेल, दुध डेरी, मासु पसल, औषधि पसल, राजश्व संकलन, शान्ति सुरक्षा तथा बिपद व्यवस्थापन, सरसफाई लगायत नागरिकको जनजिविकासंग सम्बन्धित विषयहरुलाई प्रचलित कानुनको अधिनमा रही कडाईका साथ अनुगमन तथा समस्या समाधान गरि स्थानीय सरकारको अनुभूति गराउन सकृयता पूर्वक नगरका १४ वटै वडामा परिचालन गरिनेछ।

२४६. नगर प्रहरीको साँगठनिक संरचना र दरबन्दी अनुसार दरबन्दी सिर्जना गरी थप जनशक्तिको व्यवस्था गरी प्रभावकारी परिचालन गरिने छ । जसका लागि आवश्यक पर्ने भौतिक सामाग्रीहरु खरिद तथा सेवा सुविधालाई व्यवस्थित बनाइने छ । कामको आधारमा थप उत्प्रेरित र पुरस्कृत गरिनेछ ।

**संस्थागत क्षमता विकास नीति**

२४७. स्थानीय तहको नाममा रहेको सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन र अन्य भौतिक सम्पत्तीका एकिकृत विवरण तयार गरी सरकारी सम्पत्ती संरक्षणको कार्यलाई व्यवस्थित गरिने छ ।

२४८. नगरपालिकाको कार्य प्रकृति, कार्य बोझ र औचित्यताको आधारमा आवश्यक पर्ने जनशक्ति आकलन सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाईने छ ।

२४९. नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मुसिकोट नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईने छ ।

२५०. नगरपालिकाको कार्य सम्पादनलाई छिटो छरितो, पारदर्शि एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

२५१. नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतीक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

**राजश्व नीति**

२५२. यस नगरपालिका भित्रका नगरपालिकालाई कर बुझाउनु पर्ने दायित्वभित्र रहेका करदाताहरु मध्ये नगर सरकारले तोकेको कर नियमित रुपमा बुझाएका करदाताको करको प्रकृतिलाई मध्येनजर गरी निजहरुवाट उत्कृष्ट करदाता छनौट गरी उचित सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२५३. नगरपालिका क्षेत्रिभित्रका साना तथा मझौला उद्योग व्यवासाय सञ्चालन गरिरहेका र यस नगरपालिकाको व्यवसायकर कार्यविधि २०७६ वमोजिम करको दायरामा आई नियमित रुपमा नगरपालिकालाई बुझाउनु पर्ने कर बुझाएका करदातालाई २०८३ असोज मसान्तभित्र कर वुझाएमा उनीहरुले बुझाउनु पर्ने करमा १० प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइनेछ ।

२५४. यस नगरपालिका क्षेत्रभित्रका प्रचलित कानून वमोजिम गठन भई यस नगरपालिकामा दर्ता भएका र नगरपालिकालाई बुझाउनु पर्ने कर तथा अन्य दायित्व नियमित रुपमा बुझाएका कृषि समूह, महिला सहकारी, व्यवसायमा आवद्ध अपाङ्ग, द्वन्द्ध पिडित, दलित, जनजाति तथा महिला उद्यमीहरुलाई उत्प्रेरित गर्न २० प्रतिशतछुट दिने कार्यलाई निरन्तरता दिइनेछ ।

२५५. यस नगरपालिका क्षेत्रभित्रभौतिक पूर्वाधार विकासको जिम्मा लिएका ठेक्केदारहरुसँग आवश्यक समन्वय गरी उक्त भौतिक पूर्वाधार विकास निर्माणमा प्रयोग हुने नदीजन्य पदार्थको प्रचलित कानून वमोजिम रोयल्टी असूल गरी करको दायरामा ल्याइनेछ।

२५६. यस नगरपालिका क्षेत्रमा व्यवसाय सञ्चालन नगरेका तर नगरपालिका क्षेत्रवाहिरवाट यातायातका साधन मार्फत सामान ढुवानी गरी विक्री वितरण गर्ने र घुमन्ते व्यवसायीहरुलाई उचित व्यवस्थापन गर्न कार्यविधि वनाई सञ्चालनमा ल्याइनेछ ।साथै लुकी छिपी अनियन्त्रित

ढङ्गले सामान ओसार पसार गरी विक्री वितरण गर्ने व्यवसायीहरुलाई प्रचलित कानून वमोजिम पटके कर मार्फत दण्डित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२५७. करको महत्व र उपयोगिता वारे जानकारी गराई कर सङ्कलन कार्यमा सहजता ल्याउन यस नगरपालिकाका १४ वटै वडाहरुमा विषय विज्ञ झिकाई करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

२५८. यस नगरपालिकाले भू उपयोग नीति लागू गरिसकेको हुदा यस नगरपालिका क्षेत्रभित्रका घर जग्गाहरुको भू उपयोग नीतिको आधारमा वर्गीकरण गरी विगतमा राजस्व असूली प्रयोजनको लागि गरिएको घर जग्गाको मूल्याङ्कनलाई यथावत राखी सम्पतिकर सङ्कलन कार्यलाई व्यवस्थित गरिनेछ ।

२५९. यस नगरपालिका क्षेत्रभित्रका निर्माण भइसकेका घर भवनहरुको तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण नभएका घरहरुलाई अभिलेखीकरण गराउनुका साथै नयाँ निर्माण गरिने घर भवनहरुको नक्सापास गरी निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२६०. करदाताहरुको विवरणहरु एकत्रित गरी करदाताहरुको व्यक्तिगत विवरणहरु सुरक्षित गर्दै छरिएर रहेका करका विवरणहरु एउटै प्रणालीमा आवद्ध गरी करमैत्री वातावरण सृजना गर्दै एकद्वार प्रणाली मार्फत कर सङ्कलन कार्यलाई थप व्यवस्थित गरिनेछ।

२६१. यस नगरपालिका क्षेत्रभित्र उद्योग व्यवसाय सञ्चालन गरिरहेका तर हालसम्म पनि नगरपालिकाबाट सञ्चालन अनुमती नलिएका उद्योग व्यवसायहरुलाईकरको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ । साथै उक्त कार्यको लागि नगरपालिकाका सबै वडाहरुमा घुम्ती शिविर समेत सञ्चालन गरिनेछ ।

२६२. यस नगरपालिका क्षेत्रभित्र घर जग्गा खरीद तथा घर भवन निर्माण गरी भाडामा दिइरहेका घरजग्गा धनीहरु र उद्योग व्यवसायहरुको तथ्याङ्क सङ्कलन गरी करको दायरामा ल्याइनेछ ।

२६३. यस नगरपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थहरु तथा खानीजन्य वस्तुहरुको खानी रहेका निजी जग्गाहरुको तथ्याङ्क सङ्कलन गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी पर्यावरणीय हिसाबले उपयुक्त भएमा प्रचलित कानून वमोजिम सेवा शुल्क तथा दस्तुर लिई त्यस्ता पदार्थहरुको उत्खनन सङ्कलन र निकासीको अनुमती प्रदान गरिनेछ भने अवैध चोरी निकासी कार्यलाई प्रचलित कानून वमोजिम दण्डित गरिनेछ ।

२६४. नगरपालिकाको आन्तरिक राजस्व सङ्कलन कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन कर सङ्कलन कार्यमा खटिने राजस्व शाखाका कर्मचारी, वडा सचिव तथा अन्य कर्मचारीलाई प्रोत्साहन स्वरुप आवश्यकतानुसार खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ ।

२६५. सूत्रमा राजस्व मोड्युल मार्फत कर सङ्कलन कार्यलाई प्रभावकारी बनाउन राजस्व सङ्कलनमा खटिने कर्मचारीहरुलाई पुनर्ताजकीय तालिम संचालन गरिनेछ ।

२६६. राजस्व सङ्कलन कार्यलाई थप प्रभावकारी बनाउन राजस्व अध्ययन अनुगमन संयन्त्र निर्माण गरी आन्तरिक आयलाई व्यवस्थित गर्ने नीति अबलम्बन गरिनेछ ।

२६७. यस नगरपालिकालाई कर बुझाउने दायित्व भएका करदाताहरुलाई स्थानीय करदाता पोर्टल मार्फत घरैमा बसी आफूलाई तोकिएको कर तिर्न सक्ने बनाउन नगरपालिकाका १४ वटै वडाका सचिवहरुलाई स्थानीय करदाता पोर्टल सम्बन्धी तालिम संचालन गरिनेछ ।

२६८. यस नगरपालिकावाट निकासी हुने नदीजन्य पदार्थ, कवाडी मालसामान, विज्ञापन, फोहरमैला व्यवस्थापन आदिवाट प्राप्त आयलाई थप प्रभावकारी बनाउन ठेक्का मार्फ कर सङ्कलन गर्ने कार्यको थालनी गरिनेछ । नगरपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको फोहरमैला तथा अन्य व्यवस्थापनको लागि पर्यटकीय स्थल प्रवेश शुल्क लगाई आन्तरिक आय अभिवृद्धि गर्ने कार्यको थालनी गरिनेछ ।साथै नगरपालिकाभित्र परम्परागत रुपमा संचालन हुदै आएका डिग्रेमेला पापीनीमेला वारीपोले मेला आदि लगायतका मेलाहरुवाट प्राप्त आम्दानीको १० प्रतिशतका दरले हुन आउने रोयल्टी अनिवार्य रुपमा आन्तरिक राजस्व खातामा दाखिला गर्ने गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२६९. मुसिकोट नगरपालिका क्षेत्रभित्रको वडा नं १ खलङ्गामा रहेको सार्वजनिक शौचालय, पार्किङ्ग स्थल, वडा नं ७ को ठूली दह, बैरी दहर साँख दह वडा नं ४ को सितल पोखरी फनपार्क र मुसिकोट दरबार क्षेत्र आदि लगायतका स्थलहरु ठेक्का मार्फत वा नगरपालिका आफैले संचालन व्यवस्थापन गरी आन्तरिक राजस्व अभिवृद्धि गर्ने कार्य गरिनेछ ।

२७०. यस नगरपालिका क्षेत्रका मुख्य आवागमन हुने स्थलहरु र मुख्य बजार क्षेत्रहरुमा राजस्व सङ्कलन केन्द्र तोकी राजस्व सङ्कलनका लागि जनशक्ति व्यवस्थापन गरी आन्तरिक आय सङ्कलन कार्यलाई थप व्यवस्थित गरिनेछ ।

**सूचना, संचार तथा अभिलेख व्यवस्थापन नीति**

२७१. स्थानीय तहका सम्पूर्ण सेवा प्रवाहलाई क्रमशः डिजिटल, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाइनेछ।

२७२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सुशासन, सेवा प्रवाह र सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

२७३. स्थानीय तहका कार्यालय तथा वडा कार्यालयहरूमा सुरक्षित, भरपर्दो तथा गुणस्तरीय सूचना प्रविधि पूर्वाधारको विकास गरिनेछ।

२७४. विद्युतीय शासन (E-Governance) प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी कागजरहित कार्यालयको अवधारणालाई प्रवर्द्धन गरिनेछ।

२७५. साइबर सुरक्षा, डाटा सुरक्षा तथा गोपनीयता संरक्षणलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

२७६. डिजिटल साक्षरता अभिवृद्धि गरी सूचना प्रविधिमा नागरिकको पहुँच विस्तार गरिनेछ।

२७७. कृत्रिम बुद्धिमत्ता (AI), क्लाउड कम्प्युटिङ तथा नवप्रवर्तनमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

**कानुनी मामिला तथा न्याय नीति**

२७८. नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी एवं व्यवस्थीत बनाउनका लागि आवश्यक कानूनहरुको निर्माण गर्दा सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरी कानूनहरुको निर्माण प्रक्रिया अवलम्वन गरिनेछ ।

२७९. जनप्रतिनिधी, कर्मचारीहरु तथा अन्य सरोकारवालाहरुलाई अति आवश्यक कानूनी ज्ञान प्रदान गर्न कानूनी साक्षरता कार्यक्रमहरु संचालन गरिने छ ।

२८०. स्थानीय स्तरमा हुने विवादहरुलाई छिटो छरितो एवं प्रभावकारी रुपमा विवाद समाधानका उपायहरु अपनाईने छ साथै विवादहरुलाई मेलमिलापको माध्यमवाट टुंग्याउन प्राथमिकताका साथ प्रोत्साहन तथा सहजीकरण गरिने छ ।

**नगर सभा सदस्य ज्युहरु !**

२८१. अन्त्यमा, मुसिकोट नगरपालिकाको नगरसभाको सत्रौं अधिवेशन एवं दशौं नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नु हुने मुसिकोट नगरपालिकाका उप–प्रमुख तथा कार्यपालिका सदस्यहरु, जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, १४ वटै वडा कार्यालयहरु, उद्योग वाणिज्य संघ तथा व्यापार क्षेत्रका व्यक्तिहरु, सरकारी, गैरसरकारी निकायहरु, विषयगत विज्ञहरु, नागरिक समाजका विभिन्न महानुभावहरु, संचारकर्मीहरुलाई धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रममा सम्बद्ध सबै पक्षको रचनात्मक र बहुमुल्य सुझावहरुलाई अंगिकार गरिनेछ ।साथै यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबैको रचानात्मक सल्लाह सुझावहरुको अपेक्षा गर्दछु ।

धन्यवाद !

मिति २०८३/०३/१०

महेन्द्र के. सी.
नगर प्रमुख
मुसिकोट नगरपालिका, रुकुम पश्चिम